# छेडागाड नगरपालिका आठौं बजेट अधिवेशन तथा सोह्रौं नगरसभाको बैठकमा नगर प्रमुख श्री रत्न बहादुर खड्काज्यूद्धारा प्रस्तुत

# आगामी आर्थिक वर्ष २०८१/०८२को छेडागाड नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम

छेडागाड नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कार्कीगाउँ, जाजरकोट

आठौं बजेट अधिवेशन तथा सोह्रौं नगर सभाका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अन्य अतिथिज्यूहरु, नगरसभाका उपाध्यक्षज्यू, नगरसभाको उद्घाटन सत्रका सम्पूर्ण सदस्यज्यूहरु,

यस गरिमामय नगरसभामा आमन्त्रित कृयाशिल राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, सम्पूर्ण कर्मचारीज्यूहरु, सञ्चारकर्मी एवम् पत्रकारज्यूहरु तथा नगरपालिका स्थित सुरक्षाकर्मीहरु, नागरिक समाजका प्रतिनिधिज्यूहरु तथा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रमुख एवं प्रतिनिधीज्यूहरु, बिभिन्न क्षेत्रमा कार्यरत समाजसेवी, बुद्धिजीवि, शिक्षक, पत्रकार, उद्योगी, व्यापारी, ज्येष्ठ नागरिक, नागरिक समाज, यूवा, बालबालिका, दलित तथा अल्पसंख्यक, एकल महिला, शहीद परिवारका सदस्यहरु, फरक क्षमता भएका व्यक्तित्वहरु एवम् यस गरिमामय बजेट अधिवेशनमा उपस्थित सम्पूर्ण आदरणीय छेडागाडबासी आमाबुवा, दाजुभाई तथा दिदीवहिनीहरु,

**आदरणीय प्रमुख अतिथि, विशेष अतिथि, सभा उपाध्यक्ष तथा सभा सदस्यज्यूहरु,**

नेपालको संविधानको धारा ५६ को उपधारा (१) र (२) बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने साथै राज्यशक्तिको प्रयोग गर्दा आपसी समन्वय, सहकार्य र सहअस्तित्वको सिद्दान्तको आधारमा गर्ने कानूनी प्रावधान रहेको छ । नेपालको संविधानको धारा ५७ उपधारा (१) बमोजिम नेपालको संविधानको अनुसूचीहरुमा निहित अधिकार संविधान तथा संघीय कानून वमोजिम प्रयोग हुने संवैधानिक व्यवस्था भए अनुसार छेडागाड नगरपालिका घोषणा भएको आठौं वर्षमा यस गरिमामय सभामा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गर्व महसुस भएको छ । यस अवसरमा नेपालको राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि भएका विभिन्न ऐतिहासिक तथा लोकतान्त्रिक जनआन्दोलन, सशस्त्र संघर्ष र राष्ट्रको उन्नयन र प्रगतीको लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो ज्यानको आहुती दिनुहुने ज्ञात अज्ञात शहिदहरुको त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाइ स्मरण गर्दै शहिदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । साथै मिति २०८० कार्तिक १७ गतेको भुकम्पबाट ज्यान गुमाउनुहुने सम्पूर्ण महानुभावहरुप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु । चालु आर्थिक वर्ष २०८०।८१ मा यस नगरपालिकाको कामलाई जनमुखी र प्रभावकारी बनाउनको लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने तथा रचनात्मक सल्लाह, सुझाव प्रदान गर्नुहुने सबै शुभेच्छुक महानुभावहरु प्रति हार्दिक सम्मान तथा धन्यवाद व्यक्त गर्दछु।

१. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछिको दोश्रो कार्यकालको लागि भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई जिम्मेवारी हाम्रो काँधमा सुम्पिएको दुई बर्ष पुरा भएको छ । विगत दुइवर्षभित्रमा यस नगरपालिकाका जनताको जीवनस्तर उकास्नको लागि भएका कार्यहरुको मुल्यांकन गर्ने बेला त अझै भएको छैन । तैपनि केही भएका कामहरुको मुल्यांकन आमजनमानस सामु छर्लंगै छ । अझै ३ वर्षको बाँकी कार्यकालमा अधुरा तथा अपुरा जिम्मेवारी पुरा गर्नुपर्ने दायित्व हाम्रो काधमा आएको छ । उक्त

जिम्मेवारी पुरा गर्नको लागि यहाँहरुको साथ सहयोगको उत्तिकै खाँचो रहनेछ यहाँहरुको आदेश अनुसार यस नगरपालिकाको समग्र विकास गर्नको लागि अहोरात्र खट्ने प्रण समेत गर्दछु ।

२. कठिन भूगोल, न्यून पूर्वाधार विकास, कमजोर मानविय विकास, न्यून चेतना, सामाजिक अन्धविश्वास, कुरीति तथा कुसंस्कार जस्ता विकासका बाधक तत्वहरुको सामना गर्नु सामान्य कुरा हो । विभिन्न चुनौतीहरुको सामना गर्दै चुनौतीहरुलाई अवसरमा बदल्नको लागि सम्पूर्ण जनप्रतिनिधी, कर्मचारी, बुद्धिजिवी, राजनैतिक दल लगायत आम छेडागाडबासी नागरिकहरुको उत्तिकै योगदानको आवश्यकता पर्दछ । विकासका सबै साझेदार निकायहरुलाई हामीले Helping Hand को रुपमा उपयोग गरिरहेका छौं । सबैको सामुहिक र साझा प्रयासबाट नगरपालिकाको शिक्षा, स्वास्थ्य, कृषि, पशु लगायतका सबै क्षेत्रहरुमा सकारात्मक कार्यहरुको थालनी भएको छ ।

३. यस नगरपालिकाको वडा नं. ७ बाहेक सबै वडा केन्द्रहरुमा सडक संजाल विस्तार भइसकेको छ । आगामी आर्थिक वर्षभित्रमा वडा नं. ७ लाई पनि सडकको पहुँच विस्तार गर्नको लागि स्थानीय सरकार तथा संघ र प्रदेश सरकारबाट आवश्यक पहल भई बजेट समेत विनियोजन भएको छ । शैक्षिक क्षेत्रको गुणस्तर कायम गर्नको लागि केहि सकारात्मक कार्यहरुको थालनी भएको छ । सुरक्षा व्यवस्थापनको लागि नगरपालिकाको ४ वटा स्थानहरुमा प्रहरी चौकीहरु स्थापना भई कार्य संचालन गरिरहेका छन् । सबैको साझा प्रयासबाट छेडागाड नगरपालिका वडा नं. ५ को चंखिलामा इलाका प्रशासन कार्यालय स्थापना भए पश्चात् वर्षौं देखिको घरनजिकैबाट नागरिकता तथा राहदानी, राष्ट्रिय परिचपत्र लिने साथै अन्य प्रशासनीक कार्य गर्ने नागरिकको चाहना पुरा भएको छ । नियमित रुपमा डाक्टरको व्यवस्था र नगर अस्पतालमै फार्मेसी स्थापना तथा संचालन भए पश्चात् छेडागाड नगरपालिकाको नगर अस्पतालमा नियमित गर्नुपर्ने सेवाहरु संचालनमा समस्या भइरहने विगतको जनगुनासो सदाको लागि अन्त्य भएकोछ ।

४. सबै वडाहरुमा स्वास्थ्य चौकीको स्थापना भई संचालनमा रहेका छन् । १ वटा नागरिक आरोग्य केन्द्र संचालमा रहेको छ । १ वटा क्याम्पस, १५ वटा मा वि, २२ वटा आ वि, ५५ वटा प्रा वि र संघीय सरकारबाट संचालन भएका ६८ र नगरपालिकाबाट स्वीकृत गरी संचालनमा रहेका ४१ वटा बालविकास केन्द्र संचालनमा रहेका छन् । कृषि र पशुसेवालाई व्यवस्थित गर्न प्रत्येक वडामा एक वडा एक कृषि/पशु प्राविधिकहरुको व्यवस्थापन गरि सेवा प्रवाह गरिएको छ । विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धिको लागि वडा शिक्षा समन्वयकर्ताको व्यवस्था तथा परिचालन गरिएको छ । सार्वजनिक सेवालाई जननिकट बनाउन सबै वडा कार्यालयहरुमा कर्मचारिहरुको व्यवस्था गरि उचित परिचालन गरिएको छ । सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित बनाउन VERS MIS प्रणाली, अनलाईन घटना दर्ता प्रणाली जस्ता कार्यहरु कार्यान्वयनमा ल्याईएका छन् जुन आगामी आर्थिक वर्षदेखि बायो मेट्रिक प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरणको लागि कार्य अगाडी बढाइने छ ।

५. यस नगरपालिकाको १३ वटा वडाहरु मध्ये वडा नं ४, ५, ९, १० र ११ मा वडाकै आफ्नै पक्की भवनहरु निर्माण भई कार्यालयहरु संचालन रहेका छन् । त्यसैगरी वडा नं. १, २, ३ र ६ पुरानो भवनहरुमा कार्यालयहरु संचालन भएका छन् भने वडा नं ७, ८, १२ र १३ को वडा कार्यालयहरु

भाडाको घरमा संचालनमा रहेका छन् । आगामी आर्थिक वर्षदेखि कम्तिमा पनि २ वटा वडा कार्यालयहरुको कामकाज आफ्नै भवनबाट संचालन हुने गरि व्यवस्था मिलाउने तयारी गरेको छु । क्रमश बाँकी रहेका वडाहरुको भवन निर्माण गरी सेवा प्रवाह गर्ने व्यवस्था गर्नको लागि आवश्यक पहल भैरहेको छ । नगरपालिकाको प्रशासनिक भवन निर्माणको कार्य संचालन भई पहिलो तलाको ढलान गर्ने कार्य यही आर्थिक वर्षभित्र सम्पन्न गर्ने र आगामी आ.व. २०८२।८३ सम्म नगरपालिकाको आफ्नै भवनमा सर्ने गरी निर्माण कार्यको थालनी भएको छ ।

६. मोर्क बजार देखि फल्याल्ना सम्म सडक कालोपत्रेको टेण्डर आह्वान भैसकेको र चंखिला देखि थलहबजार सम्म कालोपत्रे गर्ने कार्यको थालनी भइसकेको हुनाले नगरबासीहरुलाई निर्वाध रुपमा आवागमन हुने वातावरण तयार भएको छ ।

७. छेडागाड नगरपालिकाको वडा नं. १२ कार्किगाउँ आयूर्वेद औषधालयको भवन निर्माण भई कार्यालय सार्ने तयारी भईसकेको छ ।

८. विभिन्न कारणले मृत्यु भएका व्यक्तिहरुको पोष्टमार्टम गर्नको लागि सदरमुकाम जानुपर्ने साथै पिडित व्यक्तिहरुको अनावश्यक खर्च बढी भई अनावश्यक समय र दुख व्यहोर्नुपर्ने समस्यालाई मध्यनजर गरी नगरपालिकाले चालु आ.व. देखि नगर अस्पतालमा पोष्टमार्टम गर्ने कार्यको थालनी भएको छ । यसरी पोष्टमार्टम गर्दा जोखिम पनि बढी भएको हुनाले सो बखतको सुरक्षाको लागि सुरक्षाको व्यवस्थापन गर्ने गरी वातावरण निर्माण गरिनेछ ।

९. यस नगरपालिकामा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुलाई कार्य गर्नको लागि लगानीमैत्री वातावरण निर्माण गरिनेछ भने आगामी दिनहरुमा अझै विकासका साझेदार निकायहरुलाई आकर्षण गर्ने खालको कार्यक्रमहरु तय गरिनेछ ।

१०. छेडागाड नगरपालिकाको आन्तरीक श्रोत अभावको कारण शिक्षा, स्वास्थ्य, कृषि, पशु तथा अन्य प्रशासनिक क्षेत्रमा करार तथा दैनिक ज्यालादारीमा कामकाज गर्ने कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकन गरी कार्यभारको आधारमा मात्र कर्मचारी व्यवस्थापन गरिनेछ ।

११. यस नगरपालिकाको लागि आवश्यक पर्ने विभिन्न ऐन, कानूनहरु निर्माण भई कार्यान्वयन तहमा जाँदा संशोधन तथा परिमार्जन गर्नुपर्ने अवस्था रहेको र केही कानूनहरुको विषयमा सर्वसाधारणहरुलाई जानकारी गराउनुपर्ने आवश्यकता महसुस गरी सोही अनुसार नयाँ कानून पारित, संशोधन तथा परिमार्जन गरिनेछ ।

**सभाका प्रमुख अतिथि, विशेष अतिथि, सभाका उपाध्यक्ष तथा सभा सदस्यज्यूहरु,**

अब म यस नगरपालिकाको नीति तथा कार्यक्रमलाई विषयगत क्षेत्र अनुसार प्रस्तुत गर्ने अनुमति चाहान्छु।

## आर्थिक विकास क्षेत्र

### कृषि, पशु, उद्योग र सहकारी

१२. नेपाल सरकारको नीति तथा कार्यक्रममा समावेश भएको बैधानिक गाँजा खेती प्रवर्द्धनलाई विशेष प्राथमिकतामा राखि सोही अनुसार कार्यान्वयनमा लगिनेछ ।

१३. संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको साझेदारीमा संचालन भएका विभिन्न पशु तथा कृषिका पकेट क्षेत्रहरुको विकास तथा प्रवर्दधनको लागि थप कार्यक्रमहरु संचालन गरिनेछ । विगत देखि हालसम्मको ती क्षेत्रहरुको प्रगतीको अवस्था झल्किने गरी विवरण संकलन गर्न फिल्डमा रहेका प्राविधिकहरुलाई परिचालन गरिनेछ ।

१४. छेडागाड नगरपालिकामा लघु उद्यम विकास कार्यक्रम मार्फत आगामी आर्थिक वर्षको लागि ३० जना उद्यमीहरुलाई स्तरोन्नती तथा ५० जना नयाँ उद्यमीहरुको सृजना गरिनेछ । साथै नगरपालिका क्षेत्रभित्रका सम्भावना रहेका अल्लो तथा ढाकाका उत्पादनहरुलाई प्राथमिकता दिई नगरपालिका क्षेत्र भित्र खपत हुने र आन्तरिक श्रोत अभिबृद्धि हुने गरी आगामी आर्थिक वर्षभित्र साझा सुविधा केन्द्रको भवन निर्माण (Common Facility Center) गरिनेछ ।

१५. स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरु जस्तैः- हाते कागज उद्योग, टेक्स्टाईल उद्योग, मुढा तयार पार्ने उद्योग, कृषि उपजमा आधारित उद्योग, जडीबुटीजन्य उद्योग, अल्लो प्रशोधन तथा बुनाई तथा कापी उद्योगहरुको स्थापना तथा संचालन गर्नको लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

१६. नगरपालिका क्षेत्रभित्र रहेका ढुंगा गिट्टी बालुवाको उत्खनन तथा निकासीका लागि टेण्डर आह्वान गरी नगरपालिकाको आन्तरिक श्रोत बृद्धि गरिनेछ ।

१७. नगरपालिकाको आन्तरीक आम्दानी बृद्धि गर्न सकिने खानीजन्य उद्योग अन्तरगत काईनाईट, टुर्मालिन, सिलेट, मार्बल, पत्थर उत्खन्न तथा प्रशोधन गरी रोजगारी सृर्जना गरिनेछ । यसको लागि सरोकारवाला निकायहरुसँग सहकार्य तथा साझेदारी गरी संभावित खानी भएको स्थानको अनुसन्धान समेत गरिनेछ ।

१८. परम्परागत ज्ञान सीप तथा मौलिक सीपमा आधारित लघु तथा घरेलु उद्योगहरुलाई प्रविधि हस्तान्तरण तथा बजार संरक्षण मार्फत प्रर्वद्धन गरिनेछ । लघु, घरेलु, साना र मझौला उद्योगका लागि उद्धमशिलता विकास वित्तिय पँहुच अभिबृद्धिको लागि बजारीकरण र निर्यात सहजीककरणको प्याकेज तयार गरी लागू गरिनेछ ।

१९. प्राकृतिक स्रोतको संरक्षण र वातावरणीय सन्तुलन कायम राख्दै, निर्वाहमुखि पशुपालन प्रणालीलाई व्यावसायिकरण गर्ने, पशु उत्पादन र उत्पादकत्व बृद्धि गरी प्रविधियुक्त, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ ।

२०. पशु तथा मत्स्य बिमामा कृषकहरुलाई आकर्षित गराई कृषकको पशुधन संरक्षणमा जोड दिने, स्थानीय जातका पशुहरुसँग उन्नत जातका पशुहरुको क्रश गरी वर्णशंकर पशुहरुको उत्पादन बृद्धि गर्दै पशु स्वास्थ्य, खोरगोठ तथा पशु आहारामा सुधार गरी पशुजन्य उत्पादनमा आत्मानिर्भरता कायम हुने खालका कार्यक्रम संचालन गरिनेछ ।

२१. कृषकलाई उन्नत प्रविधि ज्ञान, सिप र क्षमताको वृद्धि गरी पशुपालन पेशालाई रोजगारीको माध्यम बनाउँदै गरिवी निवारणको औजारको रुपमा अगाडी बढाईनेछ ।

२२. कृषि पेशा व्यावसाययमा समयानुकुल परिवर्तन गर्न तथा व्यवसायिक किसानको खेतमा कर्म र उत्पादन योजनाको आधारमा प्रोत्साहन गर्ने नीति बनाई लागू गरिनेछ, साथै यस नगरपालिकाको भौगोलिक बनावट, वातावरणीय अवस्था, जल जमिनको उपलब्धता र माटोको प्रकृति अनुसार फलफुल खेती, ओखर, किवि, सुन्तला र कागती जोन पशुपालन पकेट क्षेत्र, नगदेबालीमा अदुवा, बेसार खेती प्रवर्द्धन गरी नगरबासी किसानलाई नर्सरी उत्पादनमा आत्मनिर्भरताको वातावरण निर्माण गरिनेछ ।

२३. किसानसँग मेयर कार्यक्रमलाई निरन्तरता दिईनेछ । साथै निर्माण भएको कार्यविधिको अधिनमा रही बास्ताविक कृषकको जीविकोपार्जनसँग जोड्ने कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाईनेछ ।

२४. नगरपालिकाको वडा न १२ र वडा नं ४ को जेवामा बाख्रा पकेट क्षेत्र स्थापना भई संचालनमा रहेका छन् यसैगरी वडा नं ३, ४ र ६ मा भटमास पकेट क्षेत्र संचालनमा रहेका छन् यसै गरी वडा नं ८ को रुवमा ओखर पकेट तथा वडा नं ९ मा लसुन पकेट क्षेत्र स्थापना भई संचालनामा भएकोले यस क्षेत्रलाई निरन्तरता दिदै वडा नं. १० लाई आलु र कागती पकेट क्षेत्रको रुपमा विकास गरिनेछ र यसको बजारीकरणको उचित प्रवन्ध मिलाईनेछ । साथै नगरपालिकाको आर्थिक विकास शाखाको प्राविधिक सहजीकरणमा माटो परिक्षण गरी यस नगरपालिकाको अन्य वडाहरुको संभाव्यता अध्ययन गर्ने र सोही अनुसार कृषि उपज पकेट तथा ब्लकहरुको संचालन गर्ने निति अवलम्बन गरिनेछ ।

२५. नगरपालिका भित्र रहेका गरिव, विपन्न, पछाडी परेका वर्ग, दलित, जनजाती र सामाजिक तथा आर्थिक रुपले वञ्चितिकरणमा परेका वर्गलाई लघु उद्यमीको रुपमा स्थापित गरि स्थानीय स्रोत, बजार माग र लक्षित वर्गको रुचिका आधारमा उत्पादन बढाउने गरी रोजगारीमा वृद्धि पुग्ने किसिमका विभिन्न सीप विकास तालिमहरु संचालन गरी गरिवी न्युनिकरणमा सहयोग पुरयाइने छ । सबै उद्योग स्थापना तथा संचालनका लागि चाहिने आधारभुत पक्षहरु व्यवस्था गर्न जस अन्तरगत उद्यमशिलता विकास, सीप विकास, प्रविधि हस्तान्तरण, लघु कर्जामा पहुच, प्रविधिमा पहुच र बस्तु सेवाको बजारीकरण सम्मका कार्यक्रमहरुलाई एकिकृत रुपमा संचालन गरिने छ ।

२६. यूवा तथा वयस्क जनशक्तिलाई जिवन निर्वाहका लागि आयआर्जनमा प्रत्यक्ष रुपमा जोड्नका लागि विभिन्न गैसस तथा सरोकारवाला निकायहरुसँग समन्वय र साझेदारी गरी युवाहरुको रोजगारी वृद्धि गर्ने किसिमका जिवनोपयोगी तालिमहरु जस्तै डोजर, स्काभेटर, मोटर ड्राईभिङ्ग, सिलाई कटाई, हाउस वाइरिङ्ग, प्लम्विङ्ग, व्यूटी पार्लर, मोटरसाईकल मर्मत, कम्प्युटर मर्मत, डकर्मी सिकर्मी लगायतका तालिमहरु संचालन गरिनेछ।

२७. छेडागाड नगरपालिमा दर्ता नगरी संचालन भएका व्यवसायलाई दर्ता प्रक्रियामा ल्याईनेछ । एकिकृत सम्पती कर प्रणाली लागु गरि नगरपालिकाबाटै व्यवसायीहरुलाई छिटो छरितो व्यवसाय दर्ता नविकरण लगायतका कामहरु संचालन गरिने छ । नगरपालिकालाई नियमित रुपमा कर बुझाउने करदातालाई उचित प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

२८. नगरपालिकामा संचालनमा रहेका सहकारीहरुको क्रियाशिलता विश्लेषण गरी यसको खारेजी तथा सबलीकरणको नीति अवलम्वन गर्दै **"एकका लागि सबै र सबैका लागि एक"** भन्ने सहकारी क्षेत्रको मुल

नारालाई मुर्त रुप दिन आवश्यक पहल गर्दै सहकारीलाई सरकारको अभिन्न अंगको रुपमा विकास गरी उत्पादनमूलक कार्यमा जोडिनेछ ।

**पर्यटन क्षेत्र**

२९. यस नगरपालिकाको वडा नं २ को सुयाडा मालिका, वडा नं ८ मा रहेको घोगी देवल, वडा नं १२ रहेको समाल्थाना मालिका, वडा नं. ३ को बाङकोट मालिका गुफा र वडा न १० को मछाईना मालिकालाई आन्तरिक तथा वाह्य पर्यटकीय आकर्षणको केन्द्रको रुपमा विकास गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।साथै वडा नं ३ को बांङकोट गुफा, वडा नं ४ को चाल्ने मालिका भ्यूटावर तथा सम्भाव्य अन्य क्षेत्रलाईलाई समेत पर्यटकीय स्थलको रुपमा विकास र विस्तार गर्दै लिने नीति अवलम्वन गरिने छ ।

३०. छेडागाड नगरपालिकाको सम्भाव्य स्थान छेडाबजारमा बज्जि जम्पको आकर्षणको रुपमा विस्तार गर्नको लागि आवश्यक पहल गरिनेछ । साथै छेडालाई पर्यटकीय क्षेत्रको गन्तव्यको रुपमा निर्माण गर्नको लागि आर्टफिसियल स्थानको रुपमा विकास गर्न विभिन्न सरोकारवाला निकायहरुसँग आवश्यक सहकार्य र समन्वय गरिनेछ ।

३१. बिशेष वडाको रुपमा रहेको वडा नं ७ लाई जातीय विविधता, प्राकृतिक श्रोतहरुको समुचित परिचालन मार्फत पर्यापर्यटनको रुपमा विकास गर्दै होम स्टे, हाईकिङ्ग, लगायतका पर्यटन पूर्वाधारको विकास गरिनेछ।

**वित्तिय क्षेत्र**

३२. उत्पादनशील र रोजगारीमूलक क्षेत्रमा कर्जा प्रवाह सहज बनाईनेछ, प्रतिस्पर्धी बस्तु तथा सेवा उत्पादन र वितरण गर्न निजी क्षेत्रलाई आकर्षण गर्दै वितीय रुपमा बोझिला, नागरिकबाट विभिन्न बहानामा चर्को ब्याज असुल्ने, वितीय संस्थाहरुलाई नियमन गरिनेछ । सरल र सहुलीयत कर्जाको निम्ति कृषि सहुलियत कर्जा लगानीको जोखिम न्यूनिकरण कोष स्थापना गरी कृषि कर्जामा लगानी गर्न निजी क्षेत्र साझेदार निकाय एवं वितीय क्षेत्रको लगानी भित्र्याईनेछ ।

३३. नगरपालिका क्षेत्रमा रहेका विभिन्न सहकारी, वितिय क्षेत्रहरुलाई उत्पादनसँग जोड्नको लागि कर्जा तथा ऋण प्रवाह प्रणालीलाई सरल, सहुलियत र सहज बनाउन नगरपालिकामा लघु उद्यम वितीय कोष स्थापान गरी कार्यान्वयनमा ल्याउन पहल गरिनेछ ।

३४. विद्धमान कर प्रणालीको पुनरावलोकन गरी स्वच्छ, पारदर्शी र लगानीमैत्री बनाईनेछ, स्थानीय तहको राजस्व परिचालन सहज बनाउन आवश्यक निति तथा मापदण्ड बनाई लागू गरिनेछ, बैदेशिक सहायतामा आधारित दातृ निकायलाई स्थानीय सरकारको कार्य प्राणालीमार्फत उच्च प्रतिफलयुक्त रणनितिक एवम् रुपान्तरणकारी आयोजनामा परिचालन गरी डिजिटल बैकिङ्ग अवधारण अनुरुप स्थानिय शासन प्रणाली सुदृढ गर्दै सबै वितीय कारोबार र शासन पद्धती विद्युतीय माध्यामबाट हुने व्यवस्था मिलाईनेछ ।छेडागाड

नगरपालिकामा रहेको बैकिङ्ग कारोकारलाई शाखामार्फत नगरपालिकाको प्रशासनिक कामकाज भैरहेको स्थानबाट सेवा प्रवाह मिलाउन आवश्यक पहल गरिनेछ ।

३५. नगरपालिकाको विगत आर्थिक वर्षदेखि महालेखा परिक्षकको कार्यालयले औंल्याएको बेरुजुहरुलाई फछ्र्यौट गर्नको लागि आवश्यक प्रकृया अगाडी बढाउन नगरपालिकाको लेखा समितिलाई सकृय बनाइनेछ ।

## सामाजिक विकास क्षेत्र

### शिक्षा, यूवा तथा खेलकुद

३६. विद्यालय निरीक्षण तथा अनुगमन कार्यलाई प्रभावकारी वनाई शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि यस नगरपालिका अन्तर्गत विद्यालय विद्यालय स्रोत केन्द्रको संचालन तथा व्यवस्थापन गर्ने कार्यका लागि आवश्यक वजेटको व्यवस्था गरिने छ।

३७. विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दी मिलान तथा विद्यालयहरु मर्ज गर्ने कार्य निरन्तर रुपमा गरिने छ । दरवन्दी मिलान कार्यलाई प्रभावकारी वनाउनको लागि सिफारिस गर्ने संयन्त्र बनाई कार्यान्वयन गरिने छ । विद्यार्थी संख्या, विषयगत शिक्षक र संचालित तहको आधारमा विद्यालयहरुमा हुने अध्ययन अध्यापन कार्यलाइ वालमैत्रीपूर्ण, व्यवस्थित, प्रभावकारी र गुणस्तरीय वनाउन यस नगरपालिकाको स्रोतवाट उक्त विद्यालयहरुमा आवश्यकतामा आधारमा नगर शिक्षण सिकाई अनुदान कोटा वितरण गर्नको लागि आवश्यक वजेटको व्यवस्था गरिने छ

३८. यस नगरपालिका अन्तर्गत खेलमैदान, भवन, शौचालय, खानेपानी, आईआदिको अवस्था कमजोर .सिटी. भएका विद्यालयहरुलाई प्राथमिकता क्रमको आधारमा यस आर्थीक वर्षमा आवश्यक वजेटको व्यवस्था गरी विद्यालयहरुमा भौतिक सुविधा विस्तारका कार्यक्रमहरु वितरण गरिनेछ

३९. यस नगरपालिका अन्तर्गत सञ्चालित ९२ वटा सामुदायिक विद्यालयहरुका भवनमा नेपाल सरकारले तोकेको रंगरोगन गर्ने कार्यका लागि आवश्यक वजेटको व्यवस्था गरिने छ ।

४०. विद्यालय र समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको सर्वाङ्गीण विकासमा टेवा पुयाउने खालका शैक्षिक सामग्री र वालमैत्रीपूर्ण कक्षाकोठा व्यवस्थापन गर्नको लागि यस नगरपालिका र साझेदारी संस्थाहरुको सहयोगमा आवश्यक वजेटको व्यवस्था गरिने छ ।

४१. बालवालिकाको शारीरिक, मानसिक, सामाजिक र सवेगात्मक पक्षलाई मध्यनजर गरी खेलकुद क्षेत्रको विकास गर्नको लागि प्रत्येक माध्यमिक विद्यालयमा खेलकुद सामग्री खरिदको लागि आवश्यक वजेटको व्यवस्था गर्नुका साथै छेडागाड नगरपालिका भित्र मेयर कप तथा राष्टपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्ने र छेडागाड नगरपालिकाका उत्कृष्ट खेलाडी भाई बहिनीहरुलाई जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा सहभागिताको लागि आवश्यक वजेटको व्यवस्था गरिने छ ।

४२. यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा कार्यरत विद्यालय सहायक कर्मचारी, बालबिकास सहयोगी, कार्यालय सहयोगीको पारिश्रमिक रकम समयमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

४३. छेडागाड नगरपालिका अन्तर्गत सञ्चालित सबै आधारभुत तथा माध्यमिक विद्यालयहरुमा भवन,फर्निचर, कक्षाकोठा,प्रयोगशाला, शौचालय, खानेपानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूवार्धार पुरा गर्न आवश्यक वजेटको व्यवस्था गरिने छ ।

४४. आधारभुत विद्यालय उमेर समुहका सवै वालवालिकालाई.विद्यालयमा भर्ना गराई **"वालवालिकालाई विद्यालयमा ल्याउ, सिकाउ र टिकाउ"** भन्ने नारालाई मध्यनजर गर्दै शैक्षिक सत्रको सुरुमा **भर्ना अभियान, वालवालिकालाई विद्यालयमा स्वागत** गर्ने जस्ता कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरिने छ ।

४५. शैक्षिक व्यवस्थापन तथा संस्थागत विकासका लागि प्रधानाध्यापक, शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकासका कार्यक्रम र नियमित प्रअ तथा नगर शिक्षा समितिको वैठक सञ्चालन गर्ने कार्यका लागि आवश्यक वजेटको व्यवस्था गरिने छ ।

४६. यस नगरपालिका अन्तर्गत सवै विद्यालयमा कार्यरत प्रअ र शिक्षकहरुको कार्यसम्पादन सुचकको आधारमा बस्तुनिष्ठ मुल्याङ्कन गरी **वर्ष उत्कृष्ट विद्यालय, वर्ष उत्कृष्ट प्रअ र वर्ष उत्कृष्ट** शिक्षक रुपमा पुरस्कृत गर्न आवश्यक वजेटको व्यवस्था गरिने छ ।

४७. छेडागाड नगरपालिका अन्तर्गत विभिन्न सामुदायिक विद्यालयवाट SEE परीक्षामा सहभागी भई सर्वोउत्कृष्ट नतिजा प्राप्त गर्ने १/१ जना छात्र/छात्रालाई पुरस्कृत तथा सम्मान गर्ने र त्यस्ता मेधाबी, गरिव तथा जेहन्दार विद्यार्थीलाइ माथिल्लो तहमा अध्ययन गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

४८. नगर स्तरीय आधारभुत शिक्षा उत्तीर्ण परीक्षा कक्षा)-८लाई व्यवस्थित (, मार्यादित र अनुशासित वनाउनको लागि नगरपालिका स्तरीय प्रश्न पत्र निर्माण, मोडरेशन, कपी परीक्षण, कपी ढुवानी, केन्द्रध्यक्ष तथा निरीक्षक नियुक्ति,केन्द्र व्यवस्थापन, अनुगमन तथा निरीक्षण आदि जस्ता कार्य गर्ने प्रयोजनको लागि आवश्यक पर्ने वजेटको व्यवस्था मिलाइने छ ।

४९. कक्षा कोठालाई धुलो रहित वनाउन कक्षा १-५ सम्म कार्पेटिङको व्यवस्थाका साथै अन्य कक्षामा 3B[Bench, black board, book corner] को व्यवस्थापन गर्न आवश्यक वजेटको व्यवस्था गरिने छ ।

५०. तोकिएको न्यूनतम सिकाई उपलब्धी हासिल गराउन नसक्ने बिद्यालयहरुलाई नगरपालिकाबाट दिइने विविध अनुदानमा कटौती गर्ने नीतिको ब्यवस्था मिलाइने छ ।

५१. बिद्यालय दिवा खाजा कार्यक्रम अन्तर्गत स्थानीय कृषि उपजमा आधारित अर्गानिक तथा पोषणयुक्त दिवा खाजालाई सफा र स्वस्थकर रुपमा खुवाउने कार्यका लागि यस नगरपालिका अन्तर्गत संचालित सैवै सामुदायिक विद्यालयहरु तथा वालविकास केन्द्रहरुमा खाजा घर निर्माणको लागि आवश्यक वजेटको व्यबस्था मिलाईनेछ ।

५२. त्येक माध्यमिक तथा आधारभुत विद्यालयहरुमा अध्ययनरत किशोरीहरुलाई स्वस्थकर स्यानीटरी प्याड प्रयोग तथा बिसर्जन गर्ने कार्यका लागि आवश्यक बजेटको ब्यबस्था गरिने छ ।

५३. विविध प्रकृतिका अपाङ्गता भएका बालबालिकाहरुलाई विद्यालय शिक्षाको पहुँचमा पुर्याउन नगरपालिका अन्तर्गत सञ्चालन भएको स्रोत विद्यालयका स्रोत शिक्षकको पारिश्रमिकको व्यवस्था,तालिमका साथै आवासिय स्रोत विद्यालय बनाउन आवश्यक प्रक्रिया सुरु गरिने छ ।

५४. छेडागाड नगरपालिका अन्तर्गत विभिन्न विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुको अन्तरनिहित प्रतिभा प्रस्फुटन गरी विभिन्न नवप्रतिभाहरुको पहिचान गर्ने कार्यका लागि **बालबालिकासँग मेयर कार्यक्रम**लाई यस आर्थीक वर्षमा पनि निरन्तरता दिइनेछ ।

५५. सूचना प्रविधिसँग सबै शिक्षक, विद्यार्थी र शिक्षाकर्मीलाई जोडन प्रत्यक्ष वा भर्चुअल वैठक मार्फत सुझाव तथा गुनासो संकलन गरी शैक्षिक सुधार गरिनेछ ।

५६. "हामी सुधार गर्छौं, हाम्रो विद्यालय" भन्ने नारालाई आत्मसाथ गर्दै प्रअ, शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई उत्प्रणात्मक तालिम मार्फत सुधार गर्न प्रोत्साहित गरिने र शैक्षिक सुधार गर्नको लागि दण्ड पुरस्कारको नीतिलाई अवलम्वन गरिनेछ ।

५७. वडा शिक्षा समन्वयकर्ताहरुको भुमिकालाई प्रभावकारी बनाउँदै शैक्षिक सुधारको लागि वडा शिक्षा समितिलाई सक्रिय र जिम्मवार वनाउने नीति अवलम्वन गरिनेछ ।

५८. "विद्यार्थीहरुलाई उत्तीर्ण होईन, जान्ने वनाऔं" भन्ने नारा सहित कक्षा कोठामा विद्यार्थीहरुको स्थलगत क्षमता परीक्षण (KTS) गर्ने कार्यालाई अभियानको रुपमा संचालन गर्नको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

५९. विद्यार्थीहरुमा देखिने मनोसामाजिक समस्याहरुको समधान गर्नको विद्यालयहरुमा मनोसामाजिक परामर्श सम्वन्धी प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

६०. जलवायु परिवर्तन सम्वन्धी सरोकारवालाहरुमा जनचेतना जगाउनको लागि जलवायु परिवर्तन सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

६१. विद्यालयको परिसर भित्र फलफुलका विरुवा रोपी समाजमा वातावरणमैत्री हरित विद्यालयको विकास गर्नको लागि आवश्यक पहल गरिनेछ ।

६२. नगरपालिकाभित्र रहेका विद्यालयहरुमा वडा कार्यालयबाट बजेट विनियोजन गरी शिक्षक अनुदान वितरण गरिरहेको हुनाले आगामी आर्थिक वर्षदेखि अनुदान वितरण गर्नुपर्ने आवश्यकता भएको खण्डमा नगरपालिका शिक्षा समितिले निर्णय गरी दरबन्दि वितरण गर्ने र वडा कार्यालयबाट उपलब्ध गराउने शैक्षिक अनुदानलाई बन्देज गरिनेछ ।

**महिला तथा बालबालिका**

६३. बालबालिकाहरुको हितलाई ध्यानमा राखी नगरपालिकामा बालकल्याण अधिकारी नियुक्ति तथा कार्यालयको समेत व्यवस्था गरिएको छ । जोखिमपूर्ण पारिवारिक स्थितिमा रहेका बालबालिकाहरु विद्यालय शिक्षाको अवसरबाट बञ्चितिकरणमा परेका छन । जसको कारण जोखिमपुर्ण काममा उनीहरु संलग्न हुनुपर्ने बाध्यात्मक परिस्थिति रहेको छ । त्यो परिस्थिति बाट मुक्त गरी बालमैत्री परिवेश निर्माण गर्नुपर्नेछ । यस कार्यका लागि बाल विवाह मुक्त, बाल श्रम निषेधित, मानव बेचविखन विरुद्धको अभियान संचालन गरी बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

६४. Save The Children को आर्थिक सहयोगमा संचालन हुने सहयात्रा तेश्रो परियोजनाको लागि आवश्यक लागत साझेदारीको व्यवस्था गरिनेछ । यसलाई शिक्षा, बालसंरक्षण, बालअधिकार, बाल गरिवी र महिला बालबालिकाको क्षेत्रमा लगानी गर्ने गरी वातावरण निर्माण गरिनेछ ।

६५. अपाङ्गगता भएका व्यक्तिहरुको बार्षिक रुपमा स्वास्थ्य परिक्षण गरी आवश्यक सहायता सामाग्री र परिचयपत्र वितरणको उचित व्यवस्था मिलाईनेछ ।

६६. अपांगता भएका बालबालिकाहरुलाई घरमै अध्ययन अध्यापन र स्याहार सुसारको लागि School at Home कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६७. छेडागाड नगरपालिकाका सबै वडाहरुलाई बालमैत्री स्थानीय शासन वडाको रुपमा घोषणा गर्ने गरी वातावरण निर्माण गरिनेछ ।

६८. अपांगता परिचय पत्र वितरण सम्बन्धी सफ्टवेयर जडान कार्यलाई आगामी आ.व. भित्र सम्पन्न गरि कार्य अपांगता परिचयपत्र वितरणको कार्य सुचारु गरिनेछ ।

६९. नगरपालिका भित्रमा अति जोखिममा रहेका र संरक्षणका आवश्यकता भएका बालबालिकाहरु र घर परिवारको पहिचान गरि त्यस्ता संरक्षणका आवश्यकता भएका बालबालिकाहरुको प्राथमिकताका आधारमा घटना ब्यबस्थापन कार्यलाई निरन्तरता दिईनेछ । यस्ता वालवालिकाहरुलाई आवश्यकतामा आधारित सहयोग तथा सेवा प्रवाहका लागी ब्यस्था गरिनेछ ।

७०. बाल संरक्षण घटना ब्यबस्थापन प्रणालीलाई सबलिकृत रुपमा सञ्चालन गरिनेछ । साथै बालमनोविज्ञ तथा समाजसेवीहरुलाई सूचिकृत गरी क्षमता विकासका साथै आवश्यक परिचालन गरिनेछ ।

७१. वडा तथा नगरपालिका स्तरमा स्थापना भएका बाल अधिकार समितिहरुलाई क्रियाशिल बनाई वडा तथा नगरपालिका स्तरमा सक्रिय बाल संरक्षण प्रणालीको सबलीकरण गरिनेछ ।

७२. वडामा स्थापना भएका बाल कोषहरुमा रकम बिनियोजन गरि कोष अभिबृद्धि गराईनेछ भने नगरपालिका स्तरमा कोष स्थापना गरि क्रियाशिल बनाईनेछ । साथै स्थानीय श्रोतहरुको पहिचाहन गरि स्थानीय श्रोत तथा साधनबाट नै बाल बालिकाको सर्बोत्तम हितमा लगानी गर्ने बाताबरण सिर्जना गरिने छ ।

७३. नगरपालिकाका बिभिन्न समुदाय तथा बिद्यालय स्तरमा स्थापना भएका बाल क्लबहरुलाई नगरपालिकाको बाल कलब गठन तथा परिचालन निर्देशिका,२०७४ बमोजिम आबद्धता गराई उनिहरुको क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७४. समुदायमा बिद्यमान लैगिक हिंसा तथा बिभेद अन्त्यका लागी सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

७५. बाल बिबाह, बालश्रम, बाल बालिकामाथी हुने हिंसा अन्त्यका लागी समुदायका अगुवाहरुको रुपमा चिनिने धार्मिक अगुवा हरुको वडा तथा नगरपालिका स्तरीय समुहहरु निर्माण गरि न्यूनीकरणका लागी सहयोग गर्न परिचालन गरिने छ ।

७६. नगरपालिकाका वालवालिकाको प्रमुख समस्याको रुपमा रहेको बाल बिबाह न्यूनीकरण गरि बाल बिबाह मुक्त टोल तथा वडा घोषणा कार्यक्रमलाई प्राथमिकता दिईने छ ।

७७. घर परिवार समुदाय तथा बिद्यालयमा बाल बालिकामाथी हुने हिंसा अन्त्यका लागी बाल क्लब तथा वडा बाल अधिकार समितहरु मार्फत समुदाय तथा बस्ती रुतरमा जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

७८. नगरपालिकाका सबै वडाहरुमा बालमैत्री अभियान सञ्चालन गरि यस आर्थिक बर्षमा कम्तिमा २ वटा वडाहरुलाई बालमैत्री वडा घोषणा गरिने छ ।

७९. समुदाय, बिद्यालय वडा तथा नगरपालिका स्तरमा अर्थपुर्ण बाल सहभागीता अभिबृद्धि गर्न वडा तथा नगरपालिका स्तरमा भलाकुसारी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

८०. बाल बालिकाका सवालहरु मागमा आधारित कार्यक्रमहरु सञ्चालन गर्न बाल बालिका संग नगर उप प्रमुख कार्यक्रमलाई निरन्तरता दिईने छ ।

८१. बालबालिकाको अन्तनिहित प्रतिभाको प्रस्फुटन गराई प्रतिभा पहिचाहनका लागी वालवालिका संग नगर प्रमुख कार्यक्रमलाई निरन्तरता दिईने छ ।

८२. किशोर किशोरीहरुमा यौन तथा प्रजनन् श्वास्थ्य सम्बन्धी जानकारी गराई चाडैं हुने बिबाह र सानो उमेरमा हुने गर्भधारणलाई रोकथामका लागी सबै माध्यामिक बिद्यालयहरुमा बिद्यालय नर्सहरु मार्फत बृहत्तर यौनिकता शिक्षा कक्षाहरु सञ्चालन गरिने छन् ।

८३. समुदायमा बिद्यमान बालश्रम अन्त्यका लागी सबै माध्यामिक बिद्यालयहरुमा बाल क्लब तथा वडा वाल अधिकार समितिहरु मार्फत सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

८४. बाल बालिका लक्षित दिबशहरु मनाउनका लागी कार्यक्रमहरुको आयोजना गरिने छ ।

८५. बिद्यालय तथा समुदाय स्तरमा प्लाष्टिक जन्य बस्तुहरुको प्रयोग तथा जंक फुडहरुको प्रयोगमा निशेधित गरि स्थानीय उत्पादन तथा अर्गानिक खाद्य पदार्थको उत्पादन, प्रबद्र्धन तथा प्रयोगमा बढावा दिने कार्यक्रमहरु लागु गरिने छ ।

८६. बढ्दो जलबायु परिबर्तनका असरहरु न्यूनीकरण गर्न हरित बिद्यालय निर्माणका कार्यहरुलाई प्रबद्र्धन गर्ने कार्यहरु अबलम्बन गरिने छ ।

८७. अपाँगता भएका बाल बालिकाहरुको शिक्षामा पहुँच सुनिष्चितता गर्न श्रोत बिद्यालयलाई ब्यबस्थित बनाईने छ ।

८८. बिशेष अपाँगता भएका वाल वालिकाहरुका लागी घरमै बिद्यालय कार्यक्रमलाई प्रभाबकारी रुपमा कार्यान्वयन गर्ने ब्यबस्था मिलाईने छ ।

८९. बालबालिकाको गुणासो समयमा उचित तरिकाले सम्वोधन गर्ने कार्यलाई क्रियाशिल बनाउन विद्यालय तथा समुदाय स्तरमा संयन्त्रको पुनरावलोकण तथा स्थापना गरिने छ ।

**सामाजिक सुरक्षा**

९०. सामाजिक सुरक्षा कार्यक्रममा सेवाग्राहीको सहज र सरल पहुँच कायम गरिनु हामी सबैको साझा दायित्व हो । तसर्थ चालु आर्थिक वर्षमा सबै लाभग्राहीहरुलाई बैङ्किङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा वितरण भइरहेको छ । तर भत्ता निकासा गर्दा लाभग्राहिहरुले भोगेको सास्तीले स्थानीय सरकारको विश्वसनियतामाथी प्रश्न चिन्ह खडा भएको छ । यही समस्यालाई मध्यनजर गरी चालु आर्थिक वर्षमा मनाघाटमा Extension Counter स्थापना भएता पनि लाभग्राहीहरुले उत्तिकै सास्ती भोग्नु परिरहेको अवस्था छ । तसर्थ आगामी आर्थिक वर्षदेखि सामाजिक सुरक्षा वितरण बायोमेट्रिक प्रणालीबाट वितरण कार्य शुरु गरी सेवाग्राहीहरुलाई राहत महसुस हुने गरी कार्य प्रारम्भ गरीनेछ र सो को लागि आवश्यक पर्ने सामाग्री खरिदको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

९१. देशभर स्वास्थ्य बीमाको पँहुच बिस्तार गर्ने र न्यून आय भएका वर्ग र समुदायलाई स्थानीय तहमार्फत लघु बीमा गर्ने राष्ट्रिय नीति तथा कार्यक्रमलाई कार्यान्यनमा ल्याईनेछ ।

९२. विभिन्न संघर्ष, जनयूद्ध, जनआन्दोलन तथा प्रदेश स्थापनाको क्रममा शहिद, वेपता, भएका घरपरिवार घाइते अपाङ्ग भएका व्यक्ति, परिवारका सदस्यको आर्थिक, सामाजिक र शौक्षिक अवस्थामा टेवा पुग्ने गरी राहत, पुर्नमिलन तथा पुनस्थापनाको निम्ति आवश्यक कार्यक्रम बनाई लागू गरिनेछ ।

९३. सामाजिक क्षेत्रमा काम गर्ने सबै साझेदार निकायहरुको समन्वय र सहकार्यमा प्रभावकारी कार्यक्रम निर्माण गरि सामाजिक विभेद, बहिष्करण, हिंसामा परेका बर्ग समुदायले लाभ लिन सक्ने गरी कार्यान्वियनमा जोड दिईनेछ ।

९४. नगरपालिकामा रहेको बाल अक्षयकोष मार्फत आमा बुवा नभएका अनाथ ५ देखी १५ बर्ष उमेर समूहका बालबालिकाको लागि बालपोषण र जीवन निर्वाह भत्ताको व्यबस्था गरिनेछ । बाल अक्षयकोषको बीउ पूँजी बृद्धिको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

९५. छेडागाड नगरपालिकाको शान्ति सुरक्षा अमन चयन तथा नियन्त्रणको लागि नगर प्रहरीको व्यवस्था गरिनेछ ।

९६. नगरपालिकाको नगर प्रमुखले पाउने सेवा सुविधाबाट नगरपालिकामा एउटा बाल कल्याण कोष स्थापना भई कार्यान्वयनमा रहेको छ । अझैपनि उक्त कोषको प्रभावकारी कार्यान्वयन गर्न उचित व्यवस्था मिलाइनेछ ।

**स्वास्थ्य क्षेत्र**

९७. चालु आर्थिक वर्षमा स्वास्थ्य चौकि दशेरा र स्वास्थ्य चौकी सुवानाउलीमा सुरक्षित गर्भपतन सेवा सुचारु गरिएको छ भने आगामी आर्थिक वर्षमा स्वास्थ्य चौकी कार्किगाउँ र नगर अस्पतालमा सुरक्षित गर्भपतन सेवा संचालन गर्नको लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

९८. स्वच्छ वातावरणमा बाँच्न पाउने र आधारभूत स्वास्थ्य सेवा निशुल्क पाउने नागरिकको मौलिक हकको पुर्ण उपयोग हुन सकिरहेको छैन । स्थानीय स्तरमा रहेका स्वास्थ्य चौकीहरुको सेवालाई प्रभावकारी र गुणात्मक बनाउन औषधी तथा उपकरणको समयमै उपलब्ध गराउन स्वास्थ्य तथा सरसफाई शाखालाई जिम्मेवार बनाईनेछ । नगर अस्पतालबाट उपलब्ध गराउने नियमित र आकस्मिक स्वास्थ्य सेवालाई व्यवस्थित प्रभावकारी र जनस्वास्थ्य मैत्री बनाउन आवश्यक उपकरण औजारको व्यवस्था मिलाईनेछ । आगामी आर्थिक वर्षमा नगर अस्पालबाट संचालन भएको X-ray, भिडियो एक्सरे, ल्याब लागएतका सेवा सुविधाहरुलाई प्रभावकारी रुपमा संचालन गराउने व्यवस्था मिलाईनेछ ।

९९. एकचोटी प्रदेश अस्पताल तथा अन्य विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने संघ संस्थासँगको समन्वय, सहकार्य तथा साझेदारीमा महिलाको पाठेघर झर्ने, पाठेघर क्यान्सर, आँखा, हाड जोर्नी लगायतका विभिन्न बिशेषज्ञ स्वास्थ्य सेवा शिविरहरु संचालन गरिनेछ ।

१००. आधारभूत स्वास्थ्य सेवामा सबैको सहज पँहुच पुर्याईनेछ साथै सुरक्षित मातृत्व, शिशु प्रजनन् स्वास्थ्यको सुनिश्चितताको लागि विशेष पहल गरिनेछ । सामाजिक अन्धविश्वासको कारणबाट पाठेघरको समस्या तथा यौन रोगले ग्रसित महिलाहरुको लागि विशेष कार्यक्रम ल्याईनेछ र नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुबाट मातृ शिशु स्वास्थ्य सेवालाई सुरक्षित र भरपर्दो बनाउन नियमित सुत्केरी जाँच तथा प्रसुती सेवा उपलब्ध गराईने व्यवस्था मिलाईनेछ ।

१०१. छेडागाड नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा हुने सुत्केरी महिलाहरुको लागि सुत्केरी हुने वित्तिकै प्रोत्साहन भत्ता उपलब्ध गराउन सुत्केरी प्रोत्साहन कोषको स्थापना गरी कार्यान्वयनमा ल्याईनेछ । साथै सुत्केरी महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउँदै आएकोमा उक्त सेवालाई थप व्यवस्थित तथा प्रभावकारी बनाइनेछ ।

१०२. सुत्केरी आमासँग महिला कार्यक्रम मार्फत शत प्रतिशत संस्थागत सुत्केरी गराई पोषिलो झोला वितरण गरी सुत्केरी आमा तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयनको व्यवस्था गरिनेछ ।

१०३. सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा ELMIS प्रणाली पूर्णरुपमा लागू गरी औषधिको व्यवस्थित खरिद, वितरण तथा भण्डारण गरिने र स्वास्थ्य संस्थाहरुमा निशुल्क वितरित औषधीहरुलाई सहज तथा नियमित रुपमा उपलब्ध गराउन स्वास्थ्य शाखा र नगरपालिकालाई जिम्मेवार बनाईनेछ ।

१०४. सामुदायिक महिला स्वास्थ्य स्वयंमसेविकाहरु तथा स्वास्थ्यकर्मीहरुलाई मेडिक मोबाईल कार्यक्रम कार्यान्वयन भइरहेको हुनाले उक्त कार्यक्रमलाई नियमित गर्भ जाँच गराउन र संस्थागत सुत्केरी हुने दरलाई बृद्धि गरि घरमा बच्चा जन्माउने दर घटाई बाल तथा मातृमृत्युदर घटाईनेछ ।

१०५. स्वास्थ्य संस्थाहरुमा आवश्यक उपकरणहरुको व्यवस्था गरी प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न सहज बनाईनेछ ।

१०६. पँहुचमा नपुगेको बस्ति तथा समुदायको लागि सहज स्वास्थ्य सेवा प्रवाहको लागि संचालित गाँउघर किल्निकहरुलाई व्यवस्थित गर्न आवश्यक फर्निचर तथा अन्य उपकरण व्यबस्थापनको लागि आवश्यक व्यवस्था गरिनेछ ।

१०७. नियमित खोप कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्न तथा खोपको खेरजाने दरलाई घटाउन खोप ढुवानी तथा भण्डारणको लागि आवश्यक प्रविधिको प्रबन्ध गरिनेछ ।

१०८. विद्यालय नर्सिङ कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी ढंगले संचालन गर्ने तथा प्राथमिक उपचार बक्स वितरण गरि विद्यालयमा रहेका किशोर किशोरीहरुको नियमित स्वास्थ्य जाँच तथा पोषणको स्थितिमा सुधार ल्याउन आवश्यक बजेटको ब्यवस्था गरिनेछ ।

१०९. वर्तमान परिवेशमा विविध कारणले बढ्दै गएको मानसिक स्वास्थ्यको समस्यालाई न्यूनिकरणको लागि मानसिक स्वास्थ्य सम्बन्धी मनोपरामर्शका कार्यक्रमहरु संचालन गरिनेछ ।

११०. यस नगरपालिमा सेवा करारमा कार्यरत कर्मचारीहरुको तह र श्रेणी अनुसार पारिश्रमिकमा एकरुपता कायम गरी कार्यान्वयन गरिनेछ ।

१११. स्वास्थ्य सूचकहरुमा सुधार गर्न नियमित अनुगमन, पृष्ठपोषण, अनलाइन कोचिङ्ग जस्ता कार्यक्रमहरुलाई नियमित रुपमा संचालन गर्ने वातावरण मिलाईनेछ ।

११२. पोषणको अवस्थामा सुधार ल्याउन सबै स्वास्थ्य संस्थामा पोषण डे मनाउने गरी कार्यक्रम तर्जुमा गरिनेछ। नियमित वृद्धि अनुगमनमा ल्याउने राम्रो पोषण अवस्था भएको बच्चाको आमालाई प्रोत्साहन गरिनेछ।

## खानेपानी तथा सरसफाई

११३. जनताले स्वच्छ खानेपानी पाउनु नागरिकको मौलिक अधिकार हो । उक्त अधिकारको सुनिश्चितता गर्नु नगरपालिकाको दायित्व हो । यसको लागि स्वच्छ खानेपानीका मुहानहरुको पहिचान गरी पानीको गुणस्तर चेकजाँच गर्ने र एक घर एक धारा निर्माणको लागि यस नगरपालिकाभित्र संचालनमा रहेका संघ संस्थाहरुसँगको साझेदारिमा समपूरक अनुदान लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ । संघीय खानेपानी तथा सरसफाई कार्यालयसँग समेत समन्वय गरेर आवश्यक खानेपानी तथा सरसफाईजन्य कृयाकलापहरु अगाडी बढाईनेछ ।

११४. नगरपालिकाको सबै वडाहरुलाई सरसफाई सूचकको आधारमा पूर्ण सरसफाई वडा घोषणाको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

११५. नगरपालिका क्षेत्रमा संचालन भएका खानेपानी योजनाहरुको दीगोपना सुनिश्चित गरी जनतालाई गुणस्तरीय स्वच्छ खानेपानीको दीर्घकालीन लाभ प्रदान गर्नको लागि नगरपालिकास्तरीय वास प्लान (Wash Plan) तयार भइसकेको हुनाले वास प्लानको कार्यान्वयन गरिनेछ ।

११६. विभिन्न सार्वजनिक स्थानहरु चौतारी, पार्क, सडक, बाटो, खेलकुद मैदान तथा मसानघाटहरु लगायतका स्थानहरुमा खानेपानी न्यूनतम् उपलब्धता हुने गरी वातावरण निर्माण गरिनेछ ।

११७. निर्माण भएका खानेपानी तथा सरसफाई योजनाहरुको दिगोपनाको लागि नियमित मर्मत संभार गर्न मर्मत संभार कोष र हेरालु राख्नको लागि नगरपालिकाले आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

## पूर्वाधार विकास तर्फ

### सिंचाई तथा उर्जा

११८. विभिन्न सरोकारवाला निकायहरुसँगको साझेदारी तथा समन्वयमा नगरपालिका क्षेत्र भित्र रहेका बाँझो तथा उर्वरयोग्य भूमीमा सिंचाईको व्यवस्थापन गरि उत्पादन र उत्पादकत्व बढाउँदै किसानलाई व्यावसायिकरण तर्फ उन्मुख गराइनेछ ।

११९. नेपाल विद्युत प्राधिकरणले ठेक्का आह्वान भएतापनि हालसम्म नगरपालिकाको सबै वडाहरु राष्ट्रिय विद्युत प्रसारण लाईन विस्तार नभएको हुनाले सबै सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरि आगामी आर्थिक वर्षभित्र विद्युत प्रसारण लाइन जडानको व्यवस्था गरिनेछ ।

१२०. बैकल्पिक उर्जा प्रवर्धनलाई विशेष प्राथमिकतामा राखिनेछ । विभिन्न निकायहरुसँगको साझेदारीमा बैकल्पिक उर्जा कार्यक्रमलाई थप प्रभावकारी बनाई वडा कार्यालय, विभिन्न स्वास्थ्य चौकी लगायत विद्यालयहरुमा जडान गरिने वातावरण निर्माण गरिनेछ ।

१२१. नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न नदिहरुमा विद्युत उत्पादन गर्नको लागि संभाव्यता अध्ययन गर्न विभिन्न कन्सल्टेन्सी लगायत सरोकारवाला निकायहरुलाई अनुरोध गरी प्रतिवेदन तयारीका कार्यहरु अगाडी बढाइनेछ ।

१२२. सिंचाईको श्रोत नभएका विभिन्न स्थानहरुमा छेडाखोलाबाट लिफ्ट सिंचाई निर्माण गरी प्रभावकारी सिंचाईको व्यवस्था मिलाइनेछ ।

**सडक**

१२३. विश्व खाद्य कार्यक्रम मार्फत छेडागाड नगरपालिकाको वडा नं. ७,८र ९लाई लक्षित गरी सेराखहरे देखि डाँडागाउँ सडक स्तरोन्नती, वडा नं.१२ र१३ लाई लक्षित गरी पुरानोगाउँ गाँडेसाल कार्किगाउँ मछाइना सडक स्तरोन्नती र वडा नं. २ र ३ लाई लक्षित गरी भुसखोला अन्दरकोट वडा कार्यालय जोड्ने सडक स्तरोन्नतीको आवश्यक बजेटको व्यवस्थापन गरिएको छ । त्यहाँका झण्डै १०८० जना कामदारहरुले काम गर्ने वातावरण सृजना गरिनेछ ।

१२४. नगरपालिकाको मुख्य प्रवेशद्वारको रुपमा रहेको छेडा थलह सडक खण्ड अन्तरगतको मोर्क देखी चंखिला फलिहाल्न सम्मको सडक खण्डको निर्माण कार्य शुरु भएको र फल्याल्ना देखि थलहबजार सम्मको सडक कालोपत्रे गर्नको लागि टेन्डर आह्वानको कार्य अन्तिम चरणमा पुगेकोले उक्त सडकहरुको गुणस्तर कायम गरी समयमै कार्य सम्पन्न गर्नको लागि सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गरिनेछ । साथै यस नगरपालिकाभित्र ट्र्याक ओपन भएर सिजनल सडकको रुपमा रहेका सडकहरुलाई स्तरोन्नती गरी १२ महिना निर्वाध रुपमा आवतजावतको व्यवस्था मिलाउन प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रम र नगरपालिकाबाट मर्मत संभार कोषलाई परिचालन गरिनेछ ।

१२५. नगरपालिकाको सबैजसो वडाहरुमा सडक संजाल पुगिसकेको छ भने वडा नं ७ को टिकाचौरमा आगामी आर्थिक बर्षभित्र सडक संजाल पुर्याउन संघीय सरकारबाट बजेट विनियोजन भइसकेको छ । साथै विद्यालय, स्वास्थ्य चौकी र अन्य सार्वजनिक स्थलहरुलाई पनि सडक पहुँचमा ल्याउनको लागि आवश्यक पहल गरिनेछ ।

१२६. संघ तथा प्रदेश सरकारको सहयोगमा वडा नं २, ३, र ४ को Life Line को रुपमा रहेको मनाघाट पिपलतरा अन्दरकोट सडकको ट्र्याक ओपनको कार्यलाई आगामी आ व सम्म सम्पन्न गर्ने गरी कार्य अगाडी बढाईनेछ । साथै सुयाडा २ नं वडा कार्यालय खामालेख खारा सडक खण्ड, मनाघाट देखी पोखा जोड्ने सडक खण्ड, वडा नं १३ को लिर्ता मछाईना सडक र वडा नं १० को खलटाकुरा मछाईना सडक खण्डको स्तरोन्नतीको लागि सरोकारवाला निकायहरुसँगको सहकार्य तथा समन्वयमा कार्यान्वयन गरिनेछ।

१२७. यस नगरपालिकाको वडा नं ६ र ८ जोड्ने नाउरीघाट मोटरेवल पुल, वडा नं ११ र १० जोड्ने लम्ती खोला मोटरेवल पुल, वडा नं ५ र ९ जोड्ने चल्लोपोले मोटरेवल पुल र बालुवजार देखि छेनपा १२ अम्रेचौर जोड्ने मोटरेवल पुल निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

**भवन निर्माणतर्फ**

१२८. छेडागाड नगरपालिकाको प्रशासकीय भवन निर्माणको कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गरी कार्यालय सार्ने वातावरण निर्माण गरिनेछ ।

१२९. आगामी आर्थिक वर्षभित्र आफ्नो भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गर्न आवश्यक पहल गरिनेछ । नगरपालिकाको लागत तथा लागत साझेदारीमा निर्माण हुने भवन संरचनालाई बालमैत्री, वातावरण मैत्री तथा अपाङ्गगता मैत्री पूर्वाधारमा जोड दिईनेछ ।

१३०. गत आर्थिक वर्षमा निर्माण भएका र नगरपालिकाको आर्थिक श्रोतले भुक्तानी गर्न नसकिएका विद्यालयका भवनहरुको भुक्तानीको व्यवस्थाको लागि संघ तथा प्रदेश सरकार अन्य सरोकारवाला निकायहरुसँग आपसी समन्वय र सहजीकरण गरिनेछ ।

१३१. सबै विद्यालय भवनहरुलाई जोखिम रहित बनाउन सुरक्षित विद्यालयको अवाधारणा अनुसार विद्यालय भवनहरुलाई RCC मोडेलमा सम्पन्न गर्ने व्यवस्था मिलाईनेछ ।

१३२. सामाजिक सेवा तथा क्रियाकलाप संचालन गर्नको लागि सबैको पहुँच कायम हुन सक्ने स्थानमा सामुदायिक भवनको निर्माणको शुरुवात गरिनेछ ।

**संचार तथा झोलुङ्गे पुल**

१३३. नगरपालिका र नगरक्षेत्र भित्रमा संचार सेवालाई भरपर्दो र विश्वासिलो बनाउन खारा बजारमा टेलिफोन टावर स्थापनाको कार्य शुरु भइसकेको हुनाले आगामी आर्थिक वर्षभित्रमा उक्त कार्य सम्पन्न गरी प्रभावकारी सेवा संचालन गर्न नेपाल टेलिकमसँग आवश्यक समन्वय गरिनेछ ।

१३४. यस नगरपालिकाको वडा नं. १२ को मनाघाट र वडा नं ५ को चंखिला जोड्ने मनाघाट खोलामा ट्रस ब्रिज निर्माणको लागि निर्माण सामाग्री प्रदेश सरकारबाट प्राप्त भइसकेको र आगामी आर्थिक वर्षभित्र उक्त पुलको जडानको कार्य सम्पन्न गरी सहज आवतजावतको व्यवस्था गरिनेछ ।

१३५. नगरपालिकाका अन्य झोलुंगे पुल आवश्यकता भएका स्थानहरुमा झोलुंगे पुल निर्माणको लागि डोलिडार (झोलुङ्गे पूल क्षेत्रगत कार्यक्रम) तथा अन्य साझेदार निकायहरुसँग समन्वय गरि कार्य अगाडी बढाईनेछ।

**वन वातावरण र विपद व्यवस्थापन क्षेत्र**

१३६. नगरपालिका क्षेत्रभित्र खोटो संकलन कार्य भइरहेको सँगसँगै वन जंगल जथाभावी फडानी र नष्ट हुँदै गएको हुनाले खोटो संकलन गर्ने विभिन्न कम्पनी तथा बन उपभोक्ता समितिहरुले यस तर्फ कुनै पनि ध्यान नदिएको र नगर सरकारले पनि पटक पटक करको दायरामा आउन र बन संरक्षणको लागि पहल

गर्न अनुरोध गरेतापनि लापर्वाही गरि अटेर गरेको हुनाले आगामी आर्थिक वर्षदेखि करको दायरामा नआउने कम्पनी तथा उपभोक्ता समितिहरुलाई खोटो संकलन गर्न नपाउने गरी बन्देज गरिनेछ ।

१३७. बनजंगलको व्यापक फडानी, आगलागी, खोरिया खेती जस्ता कार्यहरुले नगरपालिका भित्ररहेको वनजंगलको विनास हुदै गईरहेको र प्राकृतिक श्रोत साधनको अत्यधिक र अनियमित दोहनबाट जैविक विविधता र वातावरणमा प्रतिकूल असर परिरहेको छ । यसको अन्त्य गर्नको लागि प्राकृतिक श्रोत साधनहरुको संरक्षण संवर्द्धन गर्न My Forest Chield कार्यक्रम, वन सब डिभिजन कार्यालय तथा अन्य नीजि नर्सरीहरुबाट स्थापना उत्पादन भएका विरुवाहरु प्रयोग गरी खाली र पर्ति जग्गामा वृक्षारोपण गर्ने, विशेष गरी हाल समस्याको रुपमा रहेको जलवायू परिवर्तनसँग सम्बन्धि कृयाकलापहरु संचालन गर्न विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय गरि कार्यक्रम कार्यान्वयनको व्यवस्था गरिनेछ ।

१३८. चालु आर्थिक वर्ष २०८०।८१ को कार्तिक महिनामा गएको भुकम्पको कारण क्षतविक्षत भएको मानव जीवन र भौतिक संरचनाहरु जोखिम अवस्थामा रहेको हुनाले वर्षायाममा हुने वर्षा र बाढी पहिरोको जोखिम न्यूनकरणको लागि जोखिम संभाव्यता अध्ययन गरी त्यसको असर कम गर्नको लागि चाहिने न्यूनतम बजेट तथा पूर्वाधारको आवश्यक व्यवस्था गरिनेछ । यस्ता प्रकृतिजन्य प्रकोपबाट पिडित नागरिकको उद्दार, राहत पुन:स्थापना र पुर्नलाभको कार्यक्रम तत्काल संचालन हुने व्यवस्था मिलाईनेछ र साथै विपदपूर्वको सूचना प्रणालीलाई पनि सुव्यवस्थित बनाईनेछ । भुकम्पपछिको पुननिर्माण तर्फ विशेष पहल गरी आगामी आर्थिक वर्षभित्र पुननिर्माणको कार्यलाई सम्पन्न गर्ने गरी संघ तथा प्रदेश सरकारसँगको समन्वयमा आवश्यक पहल गरिनेछ ।साथै नगरपालिकाको आपतकालीन संचालन केन्द्र र वडामा गठन भएका LEOC लाई तयारी अवस्थामा राखिनेछ ।

१३९. नगरपालिका क्षेत्रभित्र रहेका अति विपन्न असहाय गरिव तथा विरामी व्यक्तिहरुलाई आर्थिक सहायता तथा औषधी उपचार खर्चको व्यवस्था गरिनेछ । साथै प्राकृतिक विपत्तिमा ज्यान गुमाएका परिवारहरुलाई कृया खर्चवापतको रकम उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

## सार्वजनिक सेवा प्रवाह र सुशासन र न्यायिक समिति

१४०. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउतरदायी र सहभागितामूलक बनाउदै नगरपालिकाबाट प्राप्त हुने सेवा सुविधामा नगरबासीको समान र सहज पहुँच सुनिश्चित गरी आन्तरीक सुशासनको प्रत्याभूति हुने गरी व्यवस्था मिलाईनेछ ।

१४१.नगरपालिकामा कार्यरत जनशक्तिको कार्यसम्पादन मूल्याङ्कनको आधारमा दण्ड पुरस्कार प्रणालीको नीति अंगिकार गरिनेछ । साथै नगरपालिकामा करार तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको परिचालन गर्नको लागि कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१४२. स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (LISA) र वित्तिय जोखिम न्यूनिकरण (FRA) लाई प्रभावकारी बनाई संस्थाको सबलीकरण गरिनेछ ।

१४३. आर्थिक तथा वित्तिय कारोबार पारदर्शि, मितव्ययी, प्रभावकरी र औचित्ययुक्त बनाउन र अस्वाभाविक खर्च प्रद्धती र परिपाटीलाई निरुत्साहित गर्न, आर्थिक कार्य प्रणालीमा समसामयिक सुधार गरी वितीय अनुशासन र सुशासनमा जोड दिईनेछ । साथै नगरपालिकाको बेरुजू नियमित र फछ्यौट गर्नको लागि कार्यदल गठन गरि तत्काल कार्य अगाडी बढाईनेछ ।बेरुजु फछ्र्यौटमा सहजीकरण गर्नको लागि नगरपालिकाको लेखा समितिलाई सकृय गराइनेछ ।

१४४. नगरपालिकाबाट संचालन हुने सबै किसिमका सेवा सुविधा र कार्यक्रममा सामजिक समावेशीकरण र लैङ्गिक समता तथा समानता कायम हुने गरी सबै जातजाति, लिङ्ग, क्षेत्र र समुदायको समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ ।

१४५. आगामी आर्थिक वर्षमा यस नगरपालिकालाई ई-नगरपालिका बनाउन आवश्यक प्रकृया अगाडी बढाइनेछ।

१४६. यस नगरपालिकाले अन्तरपालिका भगिनी सम्बन्ध स्थापना गर्नको लागि आगामी आर्थिक वर्षभित्र अन्य पालिकासँग आवश्यक सम्पर्क तथा समन्वय गरी भगिनि सम्बन्ध स्मिलाइनेछ ।

१४७. नगरपालिकाको सबै वडाहरुमा सूचना प्रविधिको माध्यमबाट सेवा प्रवाह गर्नको लागि आवश्यक उपकरण तथा सामाग्रीको व्यवस्थापन गरिनेछ ।

१४८. सार्वजनिक जवाफदेहिताको मर्म अनुसार नगरपालिकाको नियमित कामहरु जस्तै सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई, नागरिक वडापत्रको व्यवस्था सामाजिक परिक्षण अनुगमन तथा निरिक्षणको साथै अन्य आवश्यक कार्यक्रम तथा क्रियाकलापहरु संचालन गरिनेछ ।

१४९. विभिन्न क्षेत्रका गुरुयोजनाहरु तथा आन्तरिक नियन्त्रण प्रणाली, मध्यकालीन खर्च संरचना जस्ता अति आवश्यक निती तथा योजनाहरु निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१५०. श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धि संघीय सरकारको नीति अनुरुप क्रियाकलापहरु संचालन गरिनेछ। छेडागाड नगरपालिकामा निर्माण भएको स्थानीय तहको रोजगार रणनीतिलाई आवश्यकताका आधारमा अध्यावधिक गरी कार्यान्वयन गरिने छ ।

१५१. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि थप परामर्श तथा तिनीहरुको उद्दार तथा पुनस्थापनाका लागि सहजीकरण तथा आवश्यकता अनुसारका कार्यक्रमहरु संचालन गरिनेछ ।

१५२. रोजगार कार्यक्रम सम्बन्धि गतिविधिहरु प्रकाशन तथा प्रसारण गर्नका लागि पालिका स्तरिय रोजगार संवाद मञ्चको गठन तथा संचालन गरिनेछ ।

१५३. युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना, तथा कामको लागि पारिश्रमिकमा आधारित पहल सामुदायिक योजनालाई थप सशक्त र विकासमूलक रोजगार केन्द्रित बनाईनेछ । यसमा १९ वर्षदेखि ४० वर्षभित्रका यूवाहरुलाई रोजगार मुलक कामको रोजगारीमा सहभागी गराईनेछ जसको लागि चालु आवमा ४० जना र आगामी आवमा थप ३७ जनालाई रोजगारी प्रदान गरिनेछ ।

१५४. रोजगार सेवा केन्द्रमा सूचिकृत भएका आगामी आ.व. २०८१/०८२ मा ३ महिना खाना नपुग्ने बेरोजगार व्यक्तिहरुलाई १०० दिन बराबर नेपाल सरकार र स्थानीय सरकारको साझेदारीमा कार्यक्रम संचालन हुने

गरी जिल्ला दररेटका आधारमा ५२०७ जना व्यक्तिहरुलाई न्यूनतम रोजगारी दिइनेछ । साथै आवश्यकताका आधारमा काम सहितको रोजगारमूलक तालिमको व्यवस्थापन गरि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

१५५.रोजगार सेवा केन्द्रको थप व्यवस्थापन गरी श्रम बैंक स्थापना गरिनेछ साथै शसर्त अनुदानको रुपमा प्राप्त भएको मुख्यमन्त्री रोजगार कार्यक्रमलाई स्थानीय सरकार, प्रदेस सरकार तथा संघीय सरकारसँगको समन्वय तथा साझेदारीमा संचालन गरिनेछ ।

१५६.नगरपालिकामा वितीय समानीकरण, संघ, प्रदेश सरकारबाट संचालन हुने शसर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान लगायतका श्रोतबाट संचालन हुने विकास निर्माणका योजना तथा कार्यक्रम, क्षमता विकासको कार्यक्रमहरु आर्थिक बर्षको अन्त्यमा मात्र सम्पन्न हुने प्रवृतिले यसको गुणस्तरमा बारम्बार प्रश्नचिन्ह खडा गर्दै आएको छ । यसको निराकरणको गर्न चौमासिक कार्यतालिका निर्माण गरी योजना तथा कार्यक्रम संचालनको लागि सम्बन्धित सरोकारवालाहरुलाई जिम्मेवार हुने व्यवस्था मिलाईनेछ ।

१५७. नगरपालिका क्षेत्रभित्र ठेक्का मार्फत संचालन हुने योजना तथा कार्यक्रममा निर्माण व्यावसायीलाई पूर्ण रुपमा जवाफदेही बनाउन र समय सीमा भित्र कार्य सम्पन्न गर्नको लागि आर्थिक अधिकारसहितको अख्तियारीनामा मा पूर्ण रुपमा बन्देज लगाईनेछ ।

१५८. गरिब तथा विपन्न घरपरिवारबाट बेरोजगार सूचीमा परेका बेरोजगारहरुलाई प्राथमिकता क्रम अनुसार पहिचान गरी परिचय पत्र वितरण तथा विपन्न घरपरिवार लक्षित सेवा सुविधालाई सोही परिचयपत्रसँग आवद्ध गरीनेछ। यस स्थानीय तहमा संचालित जीविकोपार्जन कार्यक्रमलाई मानव विकास सुचकाङ्कमा पछाडी परेका वडामा विस्तार गरिनेछ ।

१५९. प्रधानमन्त्री रोजगार, मुख्यमन्त्री रोजगार कार्यक्रम र रोजगारीका अन्य कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन तथा व्यवस्थापन गर्नका लागि समय समयमा निर्देशक समितिबाट अनुगमन तथा मुल्याङ्कनको व्यवस्था मिलाइनेछ ।

१६०. समाजमा विभिन्न अवसर, सेवा सुविधा, अधिकार र श्रोत साधनको उपयोगको बारेमा बेला बेलामा सामाजिक द्वन्द्व र विवादहरु सिर्जना भैरहेको छ, यसको व्यवस्थापन गरी सिर्जनशील र रचनात्मक समाजको निर्माण गर्न द्वन्द्व व्यवस्थापनको अन्तरकृयात्मक सिद्दान्तलाई अंगीकार गर्दै विवाद तथा द्वन्द्व व्यवस्थापनको लागि नगरपालिकामा रहेको न्यायिक समितिलाई श्रोतसाधन सम्पन्न बनाईनेछ, यसको लागि वडाहरुमा गठन भएका मेलमिलाप केन्द्र र नगरपालिकामा सूचिकृत भएका मेलमिलापकर्ताहरुमा न्यायिक क्षमताको विकास गर्नको लागि विशेष व्यवस्था मिलाईनेछ ।

१६१. वडास्तरमा उत्पन्न भएको विवाद नगरपालिकाको न्यायिक समितिसमक्ष पेश भएको खण्डमा नगरपालिकामा सूचीकृत मेलमिलापकर्ताद्वारा समाधान गरी न्यायपूर्ण, मेलमिलापयूक्त समाजको निर्माणमा जोड दिईनेछ ।

१६२. गरिब तथा विपन्न घरपरिवारको पहिचान गरी परिचयपत्र वितरण तथा विपन्न घरपरिवार लक्षित सेवा सुविधालाई सोही परिचयपत्रसँग आवद्ध गरीनेछ। यस स्थानीय तहमा संचालित जीविकोपार्जन कार्यक्रमलाई मानव विकास सुचाङ्कमा पछाडी परेका वडामा विस्तार गरिनेछ ।

१६३. नगरपालिकाको कम्तीमा पनि एक स्थानलाई ल्याण्डफिल् साईटको छनौट गरी फोहोरमैला व्यवस्थापन गरिनेछ । यस क्षेत्रको फोहोरमैला उत्पादनमा न्यूनीकरण, पृथकीकरण, पुनचक्रण र पुन प्रयोग गरिनेछ । नदीमा फोहर मिसाउने प्रवृतिलाई दण्डित गरिनेछ । समष्टिमा फोरमैलाप्रति शून्य सहनशिलताको निती अवलम्वन गरिनेछ ।

१६४. मालपोत तथा नापी कार्यालयहरु बीचमा समन्वय गरेर नगरबासीलाई एकै समयमा जग्गा नामसारी गर्ने र जग्गाको कित्ताकाट गर्ने सुविधा प्रदान गर्न एकीकृत घुम्ती शिविर संचालनको लागि आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।

**१६५.** यस नगरपालिकाभित्र रहेका भूमीहिन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी नागरिकको विवरण अनलाईन पोर्टलमा दर्ता भई निस्सा वितरणको कार्य सम्पन्न भैसकेको हुनाले भूमि आयोगको समन्वयमा आगामी आर्थिक वर्षभित्र लालपूर्जा वितरण गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

**१६६.** स्थानीय स्तरमा उत्पन्न हुने विभिन्न खालका विवादहरु निरुपण गर्नको लागि प्रत्येक वडाहरुमा काम गर्नको लागि मेलमिलापकर्ताहरुको व्यवस्था गरिएको छ । उनीहरुलाई आवश्यक पर्ने ज्ञान र सीपहरु विकास गरी सकृय रुपमा परिचालन गरिनेछ ।

**अन्त्यमा,**

नगरपालिकाको आगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम निर्माणमा सहयोग गर्ने सम्पूर्ण कर्मचारीहरु, बुद्धिजिवी, नागरिक समाज, राजनीतिक दल लगायत संम्बद्ध सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । साथै यस सभाको उद्घाटन सत्रमा प्रमुख अतिथिको रुपमा पाल्नुहुने जिल्ला समन्वय समितिका प्रमुखज्यू, विशेष अतिथिज्यू, संचारकर्मी मित्रहरु सबैलाई कृतज्ञता ज्ञापन गर्दछु । साथै आगामी आर्थिक वर्ष २०८१।८२ को लागि प्रस्तुत भएको यस नीति तथा कार्यक्रममा आफ्नो अमूल्य सल्लाह सुझाव प्रदान गरी थप हौसला प्रदान गर्नुहुनेछ भन्ने अपेक्षा लिएको छु । प्रस्तुत नीति तथा कार्यक्रमको मर्म अनुसार नीतिको कार्यान्वयनमा सबै क्षेत्र, वर्ग तथा समुदायको सक्रिय सहभागिता रहने छ भन्ने अपेक्षा लिएको छु।

धन्यबाद ।